फोन नं. ०७१-५७७३०३,०७१-५७७२९२,०७१-५७७४०३

# देवदह नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## केरवानी, रुपन्देही
## ५ नं.प्रदेश, नेपाल

प.स. ०७५/०७६
चलानी नं. ६८३      मिति : २०७५/०९/१५

**शितलहरको सम्भावित जोखिमबाट बच्ने र बचाउने सम्बन्धी देवदह नगरपालिकाको अनुरोध ।**

चिसो मौसम शुरु भएपछि हालैका दिनहरुमा शितलहरको सम्भावना बढेको र यसका कारण हुन सक्ने जोखिम कम गर्न खासगरी वालबालिका, बृद्ध, अशक्त, श्वास-प्रश्वासका रोगी, गरिबीको रेखामुनी रहेका मानिसहरु बढी प्रभावित हुन सक्ने भएकोले यसबाट बच्न र बचाउन तपशिल बमोजिमको कार्य गर्नु गराउनुहुन सम्पूर्ण नगरवासीहरुमा अनुरोध छ ।

**तपशिल :**

१. बच्चा, बृद्ध तथा सबैले न्यानो कपडा लगाऔं ।
२. तातो झोलिलो पदार्थको सेवन गरौं ।
३. टोल तथा चोकहरुमा (प्रशस्त हावा आवत जावत हुने ठाँउमा मात्र) आगो ताप्ने व्यवस्था मिलाऔं ।
४. बन्द कोठामा आगो नतापौं यसले अक्सिजनको मात्रा कम भई थप जोखिम निम्त्याउन सक्छ ।
५. आ-आफ्नो परिवार, टोल र छिमेकमा यस सम्बन्धी सबैले जनचेतना प्रवाह गरौं ।
६. चिसोले खासगरी श्वासप्रश्वासका रोगीहरुलाई तुरुन्तै असर गर्ने भएकोले त्यस्ता विरामीले नियमित रुपमा स्वास्थ्य जाँच र औषधी सेवन गर्ने र चिसोबाट जोगिऔं ।
७. बालवालिकालाई निमोनिया, रुघाखोकीबाट जोगाउन न्यानो लुगा लगाईदिऔं र यस्तो लक्षण देखिएमा स्वास्थ्य संस्था वा अस्पतालमा सम्पर्क गरी स्वास्थ्य परीक्षण गराऔं ।

अनुरोधक :
देवदह नगरपालिका, रुपन्देही

२०७५/९/१५
शशीधर घिमिरे
प्रमुख प्रशासकीय अधिकृत